**यस न. पा. को २१ औं नगरपरिषदमा देहाय अनुसारका नीतिगत निर्णयहरू पारित गर्ने निर्णय गरियो ।**

**निर्णय नं. १:**

यस न. पा. को आ. व. २०७३।०७४ को संसोधित वजेटलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

आ. व. २०७४/०७५ को प्रस्तावित बजेट, निति तथा कार्यक्रम (आय व्यय) लाई २१ औं नगरपरिषद बैठकबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ. व. ०७२/०७३ को लेखा परिक्षण प्रतिवेदन २१ औं नगर परिषद बैठकमा पेश भई तत् उपर छलफल गरियो । उक्त प्रतिवेदनमा औंल्याईएका नियमित गर्नु पर्ने विषय क्रमशः नियमित गर्ने, असुल उपर गर्नु पर्ने भनी कायम भएका बेरूजु रकमहरू अविलम्व असुल उपर गर्ने तथा प्रतिवेदनमा औंल्याईएको कैफियतको नियमितता एवं फरफारक तथा कैफियत उपर दिईएका सुझावहरूको कार्यान्वयन गर्न आ.प्र. शाखा प्रमुखको संयोजकत्वमा आ.ले.प शाखा, राजश्व शाखा, जिन्सी उप शाखा, लेखा उपशाखा समेत सदस्य रहेको कार्यदल गठन गरि जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ४**

हाल स्थानीय निकायहरूमा दोहोरो लेखा प्रणालीमा आधारित नगद आधार (Acrual System) मा भई रहेको अव केही वर्ष भित्र नै प्रोदभावी लेखा प्रणालीमा जाने र सो सम्बन्धी पूर्व गृहकार्य गर्न गत बर्ष गठित कार्यदल लाई निरन्तरता दिदै यसै आ.व. भित्र प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल:

१. संयोजक- ले. अ. श्री सीताराम पोखरेल

२. सदस्य - आलेप श्री राजेश गुरूङ्ग

३ ,, ना.सु. श्री नवराज तिवारी

४ ,, ना.सु. श्री राधा चौधरी

५ ,, ख. श्री अशोक भुषाल

**निर्णय नं. ५:**

यस नगरपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमहरूको विगत वर्षदेखि दायित्व सृजना भई भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

पेश्की तथा बेरूजुको अंक घटाई लेखा पद्धतिलाई गुणस्तरीय बनाउन भरसक पेश्की नदिने र दिनै पर्ने अवस्थामा पुरानो पेश्की फछ्र्यौट भएपछि मात्र फछ्र्यौट गर्ने म्याद तोकी पेश्की दिने नीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय स्वायत्त शासन ऐन २०५६ को नियम २५० अनुसार रत्ननगर न. पा. कार्यालयको स्वीकृत मौजुदा दरबन्दीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको आ.व. २०७४।०७५ को तलबमान सहित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ बमोजिम न.पा. को आ.व. २०७२।०७३ को आय, व्यय तथा कर, शुल्क, सेवा शुल्क, भाडा आदि सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

आ. व. २०७२।०७३ को जिन्सी निरिक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने क्रममा न. पा. को मर्मत सम्भार गर्नु पर्ने सामानहरूको हकमा मर्मत सम्भार गरी प्रयोगमा ल्याउने र लिलाम गर्नु पर्ने सामानहरूको हकमा लिलाम बिक्रीका लागि नियमानुसार प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(१) बमोजिम १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने अवस्था हाल यस न. पा. मा नरहेकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(५) बमोजिम खरिद गर्नुपर्ने सामानहरूको हकमा न.पा.ले तयार गरेको वार्षिक खरिद योजना स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

जिन्सी उपशाखालाई व्यवस्थित गरी जिन्सी सफ्टवेयर प्रणाली अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगरक्षेत्रमा दिनानुदिन बढदै गएको फोहरलाई उचित स्थानमा व्यवस्थापन गर्न जग्गा खरिद गर्ने एवं प्रदुषण वा फोहर गर्नेले शुल्क तिर्नु पर्छ भन्ने सिद्वान्तका आधारमा नगरपरिषद मार्फत सेवा शुल्क लगाई नगरको दैनिक सरसफाई एवं फोहरलाई निजी क्षेत्रको सहभागितामा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३**

बालश्रम शोषण विरूद्धको नीति अनुरूप गठन भएका वडास्तरीय बाल क्लबहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

नगरपालिका क्षेत्रलाई हरित नगरीको रूपमा विकास गर्न "एक घर दुई रूख" को कार्यक्रम र "सार्वजनिक ठाँउमा वृक्षारोपण" भन्ने अभियान बृहत बनाउने गर्ने तथा हरित बाटिका र बाल उद्यान निर्माण गर्ने तर्फ जोड दिई उत्कृष्ट ढंगले विरूवा हुर्काउनेलाई पुरस्कृत गर्ने र वातावरण मैत्री नगर निर्माणका लागि थप वडाहरुलाई वातावरणमैत्री घोषणा गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं.१५**

टोल विकास संस्थाहरूको सहभागितामा फोहर व्यवस्थापन तालिम, सचेतनामुलक कार्यक्रमहरू र फोहोर संकलनका लागी कन्टेनरको व्यवस्था गर्ने साथै पञ्चकन्या सामुदायिक वन उपभोक्ता समुहसँग भएको सहमती अनुसार दैनिक फोहोर व्यवस्थापन गर्ने एवं सो क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

नगरका शिशु स्याहार केन्द्र, बाल विकास केन्द्र तथा प्रौढ कक्षाहरू सञ्चालन गर्नका लागी सरकारी/गैर सरकारी संघ संस्थाहरूलाई सहयोग एवं प्रोत्साहित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

गैर सरकारी संघ संस्थाले नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाको पूर्व स्विकृती लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन जिल्ला विकास समितीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

सुकुम्बासी बस्ती व्यवस्थापनका लागी आवश्यक नीति, बजेट विनियोजित गरी लुमन्तीको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रकोप व्यवस्थापनका लागी कोषको स्थापना र निर्देशिका बनाउने साथै आवश्यक बजेटको व्यवस्थापन गरी आर.आर. एन. को सहकार्यमा तालिम, सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

वडा नं. १४ देखी १९ सम्म टोल विकास संस्थाहरू गठन भैसकेको परिप्रेक्षमा बाँकी वडा नं. १७ देखि १९ सम्म टोल विकास संस्था गठन गर्ने र गठीत टोल विकास संस्थाहरूलाई सुढृढीकरणका लागी नेतृत्व विकास, क्षमता अभिबृद्धिका तालिमहरू सञ्चालन गर्ने र टोल विकास संस्थाहरूको आवश्यकताका आधारमा टोल टोलमा स-साना सामाजीक लाभ उन्मुखका कार्यक्रमहरू सञ्चालन गरि टोल विकास संस्थाहरूको समन्वयमा सामाजिक, आर्थिक र भौतिक निर्माण गतिविधी स्थानीयको सहभागिताबृद्धि गर्ने नीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

शहरी गरिबी न्यूनिकरण लागी न.पा. मार्फत विगत परिषदबाट पारित निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

आदीबासी, जनजाति, दलित, महिला, मजदुर, गरिबहरूका लागी आय आर्जनमुलक सीप विकास तालिमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

रत्ननगर नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाई घोषित खुल्ला दिशामुक्त क्षेत्रलाई अझ बढी दिगो र प्रभावकारी बनाउन Healthy City Programe अर्न्तगत सार्वजनिक शौचालय तथा ढल निकासका लागी सहयोग गरिदिन शहरी विकास तथा भवन निर्माण विभाग लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

गाँउ नगर साझेदारी विकास तर्फ विभिन्न टोल विकास संस्थाहरू, सम्वन्धित वडा समिती कार्यालयको सिफारिसमा उद्दमीहरूले न.पा. बाट लिएको ऋृण हाल सम्म पनि असुली नभएकोले वडा समिती कार्यालय र न.पा.का विभिन्न शाखा उपशाखाहरूमा ऋणीको नामावली राखी असुली कार्यलाई कडाई साथ लागू गर्ने र ऋृण असुली वापत उठ्ने रकम शहरी गरीव सहयोग कोषमा जम्मा गरी सो को परिचालन गर्न आवश्यक कार्यविधी तयार गरी परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

नगर क्षेत्रको शहरी गरिवीलाई व्यवस्थापन गर्नका लागि नगरस्तरिय शहरी गरिवी कोष निर्देशिका स्वीकृत गरी लागू गर्ने साथैं उक्त कोषमा लुमन्ती आवासको लागि सहयोग संस्थाबाट शहरी गरिव सहयोग कोष रत्ननगरमा प्राप्त रू. ३० लाख र न. पा. बाट न. पा. को नेपाल बैंक लि. टाँडी शाखामा रहेको MDFखाताको रकम र RUPP Loanबाट उठेको एवं उठ्न बाँकी रकम असुली गरी कोषमा राखी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

बालमैत्री स्थानीय शासन अन्तर्गत न. पा. र यूनिसेफको लागत साझेदारीमा संचालित बाल संरक्षण एवं बालश्रम न्यूनिकरण कार्यक्रमको आय व्यय अनुमोदन गर्दै आगामी वर्षमा समेत कार्यक्रमका लागि सहयोगको माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

रत्ननगर नगरपालिकाको विकास निर्माण, हरियाली बृक्षरोपण कार्यक्रम, सरसफाई व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउने टोल विकास संस्थालाई विशेष कार्यक्रममा सम्मान गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २८**

यस न.पा. को वडा नं. ७ मा रहेको पशुहाट बजारलाई निजी क्षेत्रसँगको संलग्नतामा सञ्चालन ल्याउन प्रयत्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

यस न. पा. बाट "एक घर एक चर्पी सफा राखौं हाम्रो धर्ती" भन्ने नारालाई अवलम्वन गर्दै आ. व. २०७४।०७५ मा पनि खुल्ला दिशामुक्त अभियानलाई निरन्तरता दिई निम्न वर्गीय परिवारलाई शौचालय सामाग्री उपलब्ध गराई गराउने साथै शौचालय गुणस्तर सुधार कार्यक्रम लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ अवलम्वन गरी सोही अनुरूप नगरपालिकालाई २०७४ सम्म बालश्रम मुक्त नगरपालिका घोषणा गर्ने साथै २०७६ सम्म न. पा. लाई बालमैत्री (Child Friendly Local Governmence- CFLG ) न. पा. घोषणा गर्न आवश्यक निर्देशिका बनाई कार्यान्वयन (लागू) गर्ने निर्णय गरियो ।साथै सो अभियानलाई सार्थक पार्न नगर क्षेत्रका संघ संस्थाहरूलाई बाल सहभागिता बृद्धिका लागि आफ्नो संस्थाको समितिमा १ जना बालक र १ जना बालिका प्रतिनिधित्व गराउन सम्बन्धीत सबैमा पुनः अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

यस न. पा. को पंचवर्षिय आवधिक गुरु योजना पुनरावलोकन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

वातावरण संरक्षणलाई प्रोत्साहित गर्दै यस न. पा. लाई वातावरण मैत्री (Environment Friendly Local Governmence- EFLG) नगरपालिका बनाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारूप २०७० लाई लागू गर्ने निर्णय गरियो र हरेक वडामा सो सम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने साथै जलवायु परिवर्तनका प्रभाव न्यूनिकरण गर्न अनुकुलन कार्यक्रम सञ्चालन समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस न.पा. को आ.व. २०७२/०७३ को सामाजिक परिक्षणको प्रतिवेदन नगर परिषद समक्ष पेश गरि सो विषयमा व्यापक छलफल गरियो साथै प्रतिवेदन ले औंल्याएका सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

गत आ. व. २०७२।०७३ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन स्वीकृत गरी प्राप्त सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३५**

गत आ. व. ०७२।०७३ को दोश्रो र तेश्रो चौमासिक अवधिको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझाव तथा गुनासोहरुको व्यवस्थापन गर्ने र आ. व. ०७३।०७४ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरूका सम्बन्धमा व्यापक छलफल गरी क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३६**

स्थानिय स्वायत्त शासन ऐन २०५५ नियमावली २०५६ को परिच्छेद १ दफा २७३ (क) तथा सार्वजनिक निजी साझेदारी कार्यविधि २०६१ मा व्यवस्था भए वमोजिम गठन भएको "सार्वजनिक निजी क्षेत्र साझेदारी प्रवर्द्धन समिति" को निर्णय अनुसार साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने साथै यस अघि समितिबाट प्राप्त भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३७**

न. पा. का राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरू र न. पा. का कर्मचारीहरूले बालमैत्री स्थानीय शासनलाई आत्मसाथ गर्दै बालश्रमिक नराख्ने र न. पा. लाई बालश्रममुक्त नगरपालिका बनाउन सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

रत्ननगर न. पा. को वडा नं. १४ देखि १९ सम्म पूर्ण खोप वडा घोषणा भइसकेकाले आ. व. २०७४।०७५ भित्र नगरलाई पूर्ण खोपयुक्त नगर घोषणा गर्न र.न.पा. १ देखि १३ सम्म पूर्ण खोप अभियान कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

बालमैत्री नगर निर्माणका लागि बालकोष वापत प्रति करदाताबाट वार्षिक रू. १०।- लिई नगरस्तरिय बालकोष स्थापना गरी जोखिममा परेका श्रमिक, गरीब तथा विपन्न बालबालिकाहरूको सर्वोत्तम हितमा लगानी गर्ने गत परिषदको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४०**

यस न. पा. मा आ. व. ०७३।०७४ मा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता रकम प्राप्त गर्ने लाभग्राहीहरूको संख्यात्मक विवरण अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१: यस आ.व. २०७४।०७५ मा नक्सापास सम्वन्धि तपसिल वमोजिम नीति अवलम्वन गर्ने निर्णय गरियो ।**

१) न.पा.ले आ.व. २०७२।७३ बाट भवन संहिता मापदण्ड लागू गरि कार्यान्वयनमा ल्याएकोले चालु आ.व.मा थप प्रभावकारी वनाउन सम्वन्धित शाखा र सरोकारवालाहरुलाई जिम्मेवारी वनाउने निर्णय गरियो ।

२) रत्ननगर न.पा.लाई हरियाली नगर वनाउन घर नक्साको निर्माण सम्पन्न प्रमाण पत्र दिँदा कम्तीमा दुई बटा विरुवा रोप्नु पर्ने प्रावधानलाई कडाईका साथ अनुगमन गरी प्रावधान पुरा गर्नेलाई मात्र सम्पन्न प्रमाण पत्र दिने नीति लिने निर्णय गरियो ।

३) न.पा. भित्रको घरनक्सा पास तथा जग्गा विकास कार्यलाई व्यवस्थित वनाउन घर नक्सा पास तथा जग्गा विकास मापदण्ड २०६६ लाई संशोधन गरि लागु भएकोले सोमा व्यवस्था भएका प्रावधानहरु सशक्तरुपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।

४) न.पा. क्षेत्रका सरकारी भवन नक्सापास मापदण्डभित्र ल्याई नक्सापास कार्य अगाडि वढाईनेछ । यसरी नक्सापास गर्दा लाग्ने राजस्वमा छुट दिईनेछ । यसरी निर्माणहुने भवनहरु अपाङ्गमैत्री एवं वातवरणमैत्री हुनुपर्ने व्यवस्थालाई अनिवार्यरुपमा लागु गर्ने निर्णय गरियो ।

५) घर नक्सापासको लागि पेश हुने नक्सा सूचिकृत कन्सल्टेन्सी फर्मबाट स्वीकृत मापदण्ड अनुसारको घरको नक्सा डिजाईन गरि पेश गर्न लगाउने र न.पा.बाट डिजाईन अनुसार संरचना निर्माण गर्ने क्रममा आवश्यक परामर्श पनि फर्मवालाहरुलाई उपलवध गराउने व्यवस्था गर्न आवश्यक नीति अगाडि वढाईनेछ । यसरी फर्म सूचिकृत गर्दा सूचिकृत द्स्तुर रु ५,०००।- (पाँच हजार) र नवीकरण दस्तुर रु ३,०००।- (तीन हजार) दाखिला गर्न लगाउने निर्णय गरियो ।

६) यस न.पा.ले आर्थिक वर्ष २०७२।०७३ बाट भवन संहिता लागू गरि सो सम्वन्धमा व्यापक जनस्तरमा पुऱ्याउन र निर्माण कार्यमा प्रत्यक्ष संलग्न निर्माणकर्मीहरुलाई भूकम्पीय न्यूनिकरण पूर्व तयारी  भूकम्प प्रतिरोधी भवन निर्माण तालिम, गोष्ठी तथा जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्न उचित वजेट व्यवस्था गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

७) ९“×१२“ का आर.सि.सि. पिलर भएका घरहरुको तल्ला थप गर्न नक्सापास स्वीकृत दिने सम्वन्धमा साविक भुई तल्ला नक्सा पास गरि निर्माण गरेका त्यस्ता प्रकारका घरलाई १ तला आर.सि.सि. सो माथि ट्रस छाना छाउने प्रयोजन सम्मकालागि तल्ला थप ईजाजत दिने व्यवस्था यथावत गरी लागु गर्ने निर्णय गरियो ।

८) ९“×९“ का आर सि.सि. पिलर भएका घरहरुको तल्ला थप गर्न नक्सापास स्वीकृत दिने सम्वन्धमा साविक भुई तल्ला नक्सा पास गरि निर्माण गरेका त्यस्ता प्रकारका घरलाई ट्रस छाना छाउने प्रयोजन सम्मकालागि तल्ला थप ईजाजत दिने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरियो ।

९) अस्थायी प्रकृतिले वन्ने घर, टहरा, गोठ, खोर, गोदामघर आदिलाई प्रचलित मापदण्डमा नक्साको डिजाईन अनिवार्यरुपमा पेश भए पश्चात मात्र न.पा.बाट अस्थायी निर्माण कार्य गर्न पाउने व्यवस्था मिलाउने निर्णय गरियो । साथै नक्सा पास नगरि कनै निर्माण कार्य सम्पन्न गरेमा विलम्व दस्तुर वापत सत प्रतिशत लिई नक्सा पास अनुमोदन प्रकृयामा समावेस गर्ने निर्णय गरियो ।

१०) नगरपालिकाबाट स्वीकृत नक्सा भन्दा फरक तथा नक्सापास स्वीकृत विना नै निर्माण कार्य गरेमा निर्माणकर्मी र घरधनी दुवैलाई नियमानुसार दण्ड, जरीवाना तथ सजायको व्यवस्था गर्ने नीति कडाईकासाथ अवलम्वन गरिनेछ ।

११) यस रत्ननगर न.पा.क्षेत्र विस्तार भै वृहत रत्नननगर नगरपालिका गठन भएको सन्दर्भमा सविक पिठुवा तथा वछौली गा.वि.स.वनेका सडक सम्वन्धि मापदण्ड पुरा गरेको, सार्वजनिक जग्गा अतिक्रमण नभएको घरहरुलाई छुट व्यवस्था सहित नक्सा पास अनुमोदन हुँदै आएकोमा अव उप्रान्त वाँकी प्रकृयामा रहेका घरलाई छुटको व्यवस्था नगर्ने तर मिति २०७३ चैत्र मसान्त सम्म अनुमोदनको प्रक्रियामा समावेस गर्ने निर्णय गरियो ।

१२) ठूला-ठूला व्यापारिक भवनहरुमा अण्डर ग्राउण्ड पार्किङ वनाउदा १०% नक्सापास दस्तुरमा छुटको व्यवस्था गरिनेछ । यसबाट पार्किङ स्थल तथा सडकमा सवारी साधनको चाप कम हुने विश्वास लिइएको छ ।

१३) भू-उपयोग योजना कार्यान्वयन गर्न वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभूत निर्माण मापदण्ड-२०७२ वमोजिम जग्गा विकास कार्यक्रम जग्गा खण्डीकरण कार्यलाई प्रभावकारी वनाउनका लागि जग्गा विकास हुने मुख्य सडकको चौडाई अनिवार्यरुपमा ८ मी. त्यसपछिको शाखा सडकको चौडाई ६ मी. हुनु पर्ने नीति अवलम्वन गरिने छ । साथै न.पा. क्षेत्र भित्र खोलिने नयाँ सम्पूर्ण सडकहरुको न्यूनतम चौडाई ६ मी. हुनेछ । न्यूनतम चौडाई ६ मी.भन्दा कम सडकहरुमा कुनै निर्माण योजना लागू गर्न न.पा.वाध्य नहुने भएकोले सो मापदण्डलाई कडाईका साथ लागु गर्ने निर्णय गरियो ।

१४) सरकारी भवन, सवै प्रकारका व्यपारिक, सार्वजनिक तथा संस्थागत भवन र १० आना भन्दा भन्दा वढी क्षेत्रफलमा वनेका कुल क्षेत्रफल २५००.०० व.फी.भन्दा वढी भएका आवासीय भवनहरुको नक्सा पास तथा भवन निर्माण सम्पन्न प्रमाण पत्र जारी गर्दा उक्त भवनहरुमा प्रयोग हुने कुल उर्जाको २५% वा १५०० वाट जुन वढी हुन्छ, सोही क्षमताको सौर्य उर्जा जडान गरेर मात्र भवनको नक्सा पास र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने व्यवस्था गर्ने नीति लागु गर्ने निर्णय गरियो ।

१५) वस्ती विकास, शहरी विकास तथा भवन निर्माण सम्वन्धि आधारभूत निर्माण मापदण्ड २०७२ मा व्यवस्था भए वमोजिम घरमा सेफ्टी टंयाकी निर्माण र जडान भएका घरलाई मात्र निर्माण सम्पन्न प्रमाण पत्र स्वीकृत गर्ने निर्णय गरियो ।

१६) प्रचलित मापदण्ड विपरित वनेको भवनहरुको यथार्थ विवरण संकलन गरि न.पा.बाटै प्राविधिक टोली गठन गरि उक्त संरचनालाई नियमानुसार मार्किङ्ग गर्ने, भत्काउने, वा भत्काउन लागउने कार्यको थालनी गरि सो मापदण्ड विपरित वनेका घर वा घरधनी एवं संलग्न निर्माणकर्मीको नाम नामेसी सार्वजनिक सूचना पार्टी वा वेवसाईटमा प्रकाशन गर्ने कार्यलाई प्रभावकारीका साथ लागु गर्ने निर्णय गरियो ।

१७) यस रत्ननगर नगरपालिकामा आधारभूत निर्माण मापदण्ड- ७२ लागु पूर्व भुई तल्ला नक्सा पास भै निर्माण भएका भवनहरु हाल तल्ला थप निर्माण भएको देखिएकोमा उक्त प्रकृतिका भवनहरुले भवन निर्माण निर्माण मापदण्ड तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक जग्गा अक्रिमण गरेको नदेखिएको अवस्थामा २०७३ चैत्र मसान्त सम्म नक्सा पास अनुमोदन गर्ने तथा निर्माण सम्पन्न

माग गर्दा तत्तकालीन मापदण्ड अनुसार उपर्युक्त रहेको भन्ने प्राविधिक प्रतिवेदन सहित आएमा न.पा. ले प्रति वर्ग फिट रु २५( पच्चीस) लिई नक्सा पास अनुमोदन गर्ने निर्णय गरियो ।

१८) यस न.पा.मा विगत आ.व.२०७२।७३ देखि भवन संहिता-२०६० लागु भएको अवस्थामा मिति २०७३ मंशीर मसान्त सम्मका आंशिकरुपमा भवन मापदण्ड पालना भएको घरहरुको हकमा घर निर्माण कार्य सम्पन्न गरि सके पछि मात्र घरको निर्माण कार्य २०७४ पौष मसान्त सम्म मात्र अनुमोदन गरिनेछ । त्यस्ता घरहरुको अनुमोदन गर्दा प्रति वर्ग फिट रु ३० (तीस) लिई नक्सा पास अनुमोदन गरिनेछ र २०७४ पौष मसान्त पछि त्यस्ता किसिमका घरहरुको अनुमोदन नगर्ने निर्णय गरियो ।

१९) यस न.पा.मा भवन संहिता लागु भै सकेको अवस्थामा सो भवन संहिता तथा मापदण्ड अनुसार ईन्जिनियरिङ्ग कन्सल्टेन्सीले घरको नक्सा डिजाईन गर्नु पर्ने, अनिवार्यरुपमा निर्माण स्थलको अनुगमन गर्नु पर्ने एवं सो नगर्ने र निर्माण सम्वन्धि झुटा विवरण पेश गरेको पाईएमा एकपटक चेतावनि पत्र पठाईनेछ र त्यसपछि पनि नसुधिएमा फर्म निलम्वन एवं खारेजीको प्रक्रया अगि वढाउने निर्णय गरियो ।

२०) यस न.पा.मा भवन संहिता लागु भै सकेको अवस्थामा सो भवन संहिता तथा मापदण्ड अनुसार पेश भएको नक्सा पास भए पश्चातमात्र निर्माणकर्मी (ठेकेदार)ले अनिवार्यरुपमा नक्सा वमोजिम घरको निर्माण गर्नु पर्ने र मापदण्ड विपरित निर्माण कार्य गरेको पाईएमा सो निर्माणाधीन भवनको भत्काउने वा भत्काउन लगाउने र सोमा लागेको खर्च सम्वन्धित निर्माणकर्मीबाट दायित्व वहन गर्न लगाउने निती कडाईसाथ लागु गर्ने निर्णय गरियो ।

२१) मिति २०७२ साल वैशाख १२ गते गएको विनासकारी भूकम्पबाट घर पूर्णरुपमा क्षति भएका घर धनीहरुको हकमा नयाँ भवन निर्माण गर्दा नक्सापास दस्तुरमा ५०% छुट दिने निर्णय गरियो ।

२२) प्रत्येक वर्ष माघ २ गते **"भूकम्प सुरक्षा दिवस"** विविध कार्यक्रम आयोजना गरि मनाईनेछ ।

**निर्णय नं.४२**

यस न. पा. ले आ. व. ०७२।०७३ मा सम्पन्न गरी कार्य सम्पन्न भएका एवं आ. व. २०७३।०७४ को हालसम्म निर्माण सम्पन्न भै कार्य सम्पन्न भएका योजनाहरुको फरफारक जाँचपास प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

चालु आ. व. २०७३।०७४ का लागि परिषदबाट विभिन्न शीर्षकमा रहेका एकमुष्ट बजेटबाट स्थानीय माग अनुसार छनौट भई बोर्ड बैठकबाट समर्थन गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४४**

आ.व.२०७३।०७४ मा स्वीकृत भई सञ्चालन भएका तर कार्य सम्पन्न हुनबाँकी रहेका एवं निर्माण गर्न बाँकी वडा तथा नगरस्तरिय योजनाहरूलाई आगामी आ.व. २०७४।०७५ मा उच्च प्राथमिकता दिई मागका आधारमा निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

यस न.पा. को २१ औं नगर परिषद (आ.व.२०७४।०७५) को तयारीको क्रममा सम्पन्न वडा तथा नगर भेलाबाट प्राप्त योजना (कार्यक्रम) तथा सुझावहरूलाई मध्यनजर राखी कालोपत्रे सडक निर्माण एवं मर्मत, खोला तटबन्धन गर्ने योजना, पक्की पुल तथा कल्भर्ट निर्माण योजना, भूमिगत सिंचाई तथा पम्पिङ्ग सिचाई जस्ता समूहगत सिंचाई योजना, कृषिलाई व्यवसायिकीकरण गर्ने, पर्यटन प्रवर्द्धन तथा विस्तार, सुकुम्बासी बस्ती व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण, डुबान हुने स्थानमा पक्की नाला तथा सतह ढल नाला निर्माण, अस्पताल तथा हेल्थपोष्टका पूर्वाधार निर्माण, बातावरणीय सुधार तथा सरसफाई अन्तर्गत हुने निर्माण योजना एवं सडक बत्ती बिस्तार तथा मर्मत योजनाहरूलाई स्थानीय स्तरमा हुने उपभोक्ताको लागत साझेदारी एवं सहभागिताको व्यापक परिचालन हुने योजनाहरूलाई प्राथमिकता दिई मागका आधारमा क्रमशः निर्माण गर्दै नेपाल सरकार, स्थानीय विकास मन्त्रालयबाट अनुदान तथा शहरी पूर्वाधार विकास कार्यक्रम एवं अन्य श्रोतको साझेदारी हुने योजना छनौट गरि निर्माण सम्पन्न गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४६**

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को परिच्छेद ५ को २ मा व्यवस्था भए वमोजिम यस नगरपालिका मा गठन भएको तपसिल वमोजिम योजना अनुगमन तथा सुपरिवेक्षण समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजक- प्रमुख एवं कार्यकारी अधिकृत

सदस्य- राजनितिक दलका पार्टी प्रतिनिधि

सदस्य- उद्योग वाणिज्य संघ

सदस्य- वडा नागरिक मंच प्रतिनिधी एक जना महिला सहित २ जना

सदस्य- नागरिक सचेतना केन्द्र, प्रतिनिधि एक जना

सदस्य- विषयगत कार्यालयका प्रतिनिधि एक जना

सदस्य सचिव कार्यकारीले तोकेको अधिकृतस्तर कर्मचारी

**निर्णय नं ४७**

यस नगरपालिकाको शहरी वडाहरूमा वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागू गर्ने साथै क्रमशः सवै वडामा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४८**

न. पा. द्वारा निर्माण भएको ढल मार्फत सेवा लिई रहेका नगरवासीहरूलाई सो सेवा प्रदान गरे वापत मासिक सेवा शुल्क निर्धारण गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

बीर-रुद्राक्ष जेभीले पेश गरेको यस न. पा. को नगर यातायात गुरु योजना प्रतिवेदन २०७३ लाई स्वीकृत गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५०**

यस न. पा. को पर्यटन गुरू योजना तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५१**

आ. व. ०७२।०७३आषाढ मसान्तसम्म सम्पन्न भएका तपसिल वमोजिम योजना संख्यालाई फरफारक गर्ने मिति २०७३।०३।३१ को बोर्ड बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

१. योजनातर्फः क. वडास्तरीय (साना पूर्वाधारजन्य)- ६०, नगरस्तरीय- १५२, जिल्लास्तरिय- २, EFLG-१२, जगेडाकोष- ६, सडक बोर्ड- ५, लक्षितवर्ग पूर्वाधार योजना समेत २३७ (दुईसय सैंतिस), क्रमागत- ५२

२. सामाजिक विकास कार्यक्रमतर्फः क. बालबालिका-९७, महिला-८८, लक्षित वर्ग (विपन्न समेत)- ९२(जेष्ठनागरिक-१०, आदिवासी/जनजाति-१२, अपांग- ८, पिछडिएका वर्ग- १८ र अन्य-४४), LGCDP-३१ समेत ३०८(तीनसय आठ)

**निर्णय नं. ५२**

यस नगरपालिकाले नगरको पर्यटन गतिविधीबाट दिगो आयआर्जन गरी यस नगरको पर्यटन गतिविधि प्रवर्द्धन गर्न पर्यटन सेवा शुल्क मार्फत स्थानीय विकास गर्न पर्यटन सेवा शुल्क लागू गर्न सम्भाव्य क्षेत्र पहिचान गर्न विज्ञ सहितको पर्यटन विकास शुल्क निर्धारण सुझाव समिति गठन गरी सो को सिफारिस अनुसार पर्यटन शुल्क लागू गर्ने नीतिलाई कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ५३**

वातावरणीय तथा पर्यटकीय क्षेत्र पहिचान गरी पबर्द्धन गर्न आवश्यक व्यवस्था गर्ने र न. पा. क्षेत्रभित्र रहेका पर्यटकीय सम्भाव्य स्थलहरू ( लौरीघोल, पंचनदी, मनीखोला-बुलबुले ताल, बीस हजारी ताल, टिकौली ताल, चित्रसेन मन्दिर, हरिहर मन्दिर, चेपाङ ताल, कुमाल ताल आदि) को सम्भाव्यता अध्ययन गरी न. पा. बाट होम-स्टे कार्यक्रम सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनको गन्तव्य स्थलको रूपमा विकास गर्ने योजनालाई कार्यान्वयनमा लैजान पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

नेपालका विभिन्न क्षेत्रमा शिक्षण संस्थाहरूलाई भारतीय राजदुतावासबाट आर्थिक सहयोग प्रदान गर्दै आएको हुँदा रनपा ८ स्थित श्री वैरिया मा. वि. मा प्राविधिक शिक्षातर्फ+२ कार्यक्रमका लागि र रत्ननगर न. पा. वडा नं. १५ स्थित माधवपुर निमाविलाई गुणस्तरिय शिक्षालयकोरुपमा विकास गर्न सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५५**

यस न.पा. को आर्थिक वर्ष २०७४।०७५ को बजेट तथा कार्यक्रम तयारीको क्रममा सम्पन्न भएको विभिन्न वडाको भेलाबाट प्राप्त भएका छनौट भई प्राथमिकीकरण गरी स्वीकृत सिफारिस भएका योजना तथा कार्यक्रमहरूलाई स्थानीय स्तरका टोल विकास संस्था, उपभोक्ता तथा संघ, संस्थाको निर्माण कार्यमा हुने लागत साझेदारी एवं सहभागितालाई उच्च प्राथमिकता हुने गरी मागका आधारमा निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

रत्ननगर न.पा.वडा नं. ५ वाघमाराबाट सौराहा जाने बुढी राप्ती खोलामा पक्की पुल निर्माणको लागि नेपाल सरकार तथा सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५७**

टिकौली चौकी देखी चेपाङ ताल, विस हजारी प्रवेश द्वार हुदै सौराहा जाने पर्यटकीय पथ निर्माण योजना अघि वढाउने । यस न.पा. भित्र रहेका सामुदायिक वनवाट उपभोक्तालाई वन पैदावार वितरण गर्दा न. पा को अनिवार्य सिफारिसमा मात्र विक्री वितरण गर्ने व्यवस्था मिलाई यस वाट प्राप्त सिफारिस दस्तुर र यस भेगका पर्यटकीय क्षेत्रको प्रवेश शुल्क सामुदायिक वनहरूसँगको सहकार्यमा संकलन गरी प्राप्त सवै रकम उक्त पर्यटन मार्गमा लगानी गर्ने व्यवस्था मिलाउने कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ५८**

रनपा क्षेत्रमा बसपार्कको व्यवस्थापन गर्न अत्यन्त आवश्यक भएको हुँदा हालसम्म रत्ननगर ताजा तरकारी तथा फलफुल बजारको पश्चिम तर्फको खाली जमिनमा व्यवस्थापन गर्दै आएकोमा सो क्षेत्र साँघुरो भएकाले नेपाल उच्च मा.वि. रत्ननगरको सौराहाचोकको खाली जग्गामा दुवै संस्थाले आयबाट लाभ लिने गरी जग्गा भोग सम्बन्धी करार गरी आवश्यक प्रकृया बढाउने निर्णय गरियो ।

**निर्णय नं.५९**

सुकुम्बासी बस्तीहरूलाई क्रमशः व्यवस्थित गर्न आवश्यक नीति तर्जूमा गरी कार्यन्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ६०**

रत्ननगर न.पा. २ मा अवस्थित नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वीकृत प्राप्त भई सञ्चालन भईरहेको रत्ननगर अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न न. पा. ले नियमित पूर्वाधार विस्तारमा सहयोग उपलव्ध गराउँदै जाने निर्णय गरियो ।

**निर्णय नं. ६१**
यस न.पा. ले न.पा. को स्वामित्वमा रहेको जग्गा एवं सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण गर्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाउने निर्णय गरियो । साथैयस न.पा. ले सञ्चालन गर्ने विकास निर्माण कार्यहरूलाई स्थानीय उपभोक्ताको सक्रियता तथा सहभागितामा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**
यस न.पा. ले छिमेकी न. पा. जोडने प्रमुख सडकहरू मध्ये समग्र नगरकै व्यापारिक एवं गतिविधि बृद्धि गर्न सम्भाव्य सडकहरूको गुणस्तर बृद्धि गर्नुपर्ने अत्यावश्यक भएकोले सो सडकको स्तर सुधार योजनाहरूमा जिविस, स्थानीय उपभोक्ता एवं न.पा. को समेत लागत सहभागितामा कार्यान्वयनमा जाने निर्णय गरियो ।

**निर्णय नं.६३**
यस न.पा.ले तयार गरेको आवधिक योजनाले छनौट गरी स्वीकृत एवं किटान गरेका योजना तथा कार्यक्रमलाई न.पा. को श्रोतले भ्याएसम्म क्रमशः प्राथमिकता दिई लागू गर्दै जाने । साथै साविकमा तयार भएको आवधिक योजना बृहत रत्ननगरलाई समेट्ने गरी पुनरावलोकन गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६४**
नेपाल सरकार शहरी विकास मन्त्रालयले जारी गरेको भु-उपयोग नक्सा एवं सो को निर्देशिका तथा मापदण्ड तयार गरी कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**
यस न. पा. ले गत विगत आ.व. मा सडक कालोपत्रे भई दायाँ वायाँ सतही नाला नभई डुवानग्रस्त देखिएका चोक तथा सडकमा सतह पक्की नाला निर्माण कार्यलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६६**
नगरको बजार अनुगमन गर्दै अव्यवस्थितरुपमा माछा, मासु विक्री वितरण गर्ने मासु पसलहरूलाई नियन्त्रण गरी व्यवस्थित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६७**
नगरपालिका क्षेत्र भित्रका सार्वजनिक ताल, तलैया, बाटो घाटो, मठमन्दिर, चर्च, गुम्बा आदीको उचित संरक्षणको व्यवस्था मिलाउने निर्णय गरियो

**निर्णय नं. ६८**
नेपाल नगरपालिका संघले जारी गरेको ढाँचामा तयार भएको यस न. पा.को नगर प्रोफाईल (City Profile) लाई कार्यान्वियन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६९**
न. पा. ले सञ्चालन गरेको तरकारी तथा फलफुल बजारलाई थप व्यवस्थित गर्न विभिन्न तरकारी तथा फलफुल उत्पादक किसान, व्यवसायीहरूलाई व्यवसायीक तालिमको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७०**
यस न. पा. ले आफ्नो नगर क्षेत्रभित्र जग्गा प्लटिङ्ग गरी विक्री गर्ने कार्यलाई निरूत्साहित गर्ने र सो सम्बन्धमा व्यवस्थित आवास क्षेत्र निर्माण गर्न प्लटिङ्ग सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने र न. पा. बाट तोकिएको मापदण्ड भित्र पर्ने प्लटिङ्ग जग्गा न. पा. ले निश्चितसेवा शुल्क निर्धारण गरी सो को असुली पश्चात मात्र ईजाजत दिने व्यवस्था यस चालु आ. व. बाट कडाईका साथ लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७१**
टिकौली देखि वेल्सीसम्मको क्षेत्रलाई सफा सुन्दर र हरित तथा व्यवस्थित शहरको रूपमा व्यवस्थित गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत तपसिल वमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

क. फुटपाथको व्यवस्थापन गर्ने ।
ख. टिकौलीदेखि वेल्सीसम्मको सडक दायाँ बायाँ तथा अन्य प्रमुख सडकहरूको दायाँ बायाँ बृक्षारोपण एवं संरक्षण कार्यक्रमलाई निरन्तरता दिने ।
ग. सवारी पार्किङ्गलाई व्यवस्थित गर्ने ।

**निर्णय नं. ७२**
यस न.पा. को २१ औं नगरपरिषदको लागि वडाभेला तथा नगरस्तर भेलाबाट स्वीकृत भै नगर परिषदमा पेश भएका सम्पूर्ण योजनाहरुलाई जिल्लास्तर, राष्ट्रियस्तर एवं अन्तराष्ट्रिय सहयोगबाट समेत संचालन गर्नुपर्ने किसिमका योजनाहरुलाई सोही अनुसार अनुमोदन गरी तत् निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**नर्णय नं. ७३**
यस नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने नगरवासीहरूको मृत्यु पर्यन्त गरिने दाहसंस्कार कार्यलाई विभिन्न जातजातिको संस्कृति र परम्परा अनुसार निम्न स्थान तोक्ने निर्णय गरियो ।

तपसिल:

| क.सं. | जातजाति | स्थान |
|---|---|---|
| १ | ब्राम्हण/क्षेत्री लगायत तागाधारीहरूका लागि | देवघाट पवित्रधाम |
| २ | मुस्लिमका लागि | रत्ननगर ४ देवौली |

| | | |
|---|---|---|
| ३ | तमाङ्ग जाति | मिलीजुली सा.वन क्षेत्र लालपर्सा |
| ४ | गुरूङ्ग जाति | पञ्चकन्या सा.वन मंगलपुर |
| ५ | मगर जाति | देवघाट पवित्रधाम |
| ६ | क्रिस्चियन जाति | पञ्चकन्या सा.वन रातोमाटो डाँडा |
| ७ | आदीबासी थारू जाति | देवघाट पवित्रधाम |
| ८ | तामाङ्ग (साविक पिठुवा) | वरण्डाभार जंगल |
| ९ | तामाङ्ग (साविक बच्छौली) | बागमारा सा. वन बच्छौली |

**निर्णय नं. ७४**

वातावरणीय तथा पर्यटकीय क्षेत्र पहिचान गरी पबर्द्धन गर्न आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५**

वायो ईन्जिनियरिङ्ग अन्तर्गत गोवर व्याँस प्लान्ट निर्माण गर्ने किसानलाई प्रति प्लान्ट रू. ५,०००।-(पाँचहजार) अनुदान दिई दिगो जैविक विविधता संरक्षणमा टेवा दिने निर्णय गरियो । साथै सामुदायिक वनसँग आवद्धता नभएका वडालाई प्रति प्लान्ट रू. ७,०००।- (सात हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७६**

यस नगरका पशुपालक कृषकहरूको पहिचान गरी पशु बीमा एवं सुरक्षण तथा गोठ सुधार गर्ने कार्यलाई नगर क्षेत्रमा सक्रिय नगरस्तरीय दूग्ध उत्पादक सहकारी संस्था समन्वय समितिको सहकार्यमा श्रोतका आधारमा क्रमशः कार्यक्रम लागू गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ७७**

यस नगरलाई रासायनिक मल तथा विषादीमुक्त गर्न कृषक समुहहरूसँग सहकार्य गरी आवश्यक विभिन्न तालिम, समेचतना, पर्चा, पम्पप्लेट, बीउ वीजन जस्ता कार्यक्रम सहित योजना छनौट गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७८**

यस नगरपालिका क्षेत्रभित्र ग्रावेल सडकमा निकासी हुने ग्रावेलको दररेटलाई एकरूपता कायम गर्न नगर क्षेत्रभित्र बर्षभरि निकासी गर्ने ग्रावेलको परिमाण अनुमान गरि ग्रावेल ढुवानी कर्ताबाट प्रतिस्पर्धात्मक दर लिई स्थानीय उपभोक्ता तथा टो.वि.स.लाई व्यापक सक्रियता तथा लागत सहभागिता साथै श्रम समेत परिचालन गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९**

यस न. पा. को आ. व. २०७४।०७५ को को लागि वडा भेलाबाट माग भै नगर परिषदमा पेश भएका तपसिल वमोजिमका योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल:

१. बालबालिका - ९१ २. महिला- ७९ ३. लक्षितवर्ग- १०६ ४. नगरस्तरीय- ३५६ ५.वडास्तरीय (साना पूर्वाधारजन्य)- १२९, ६. जिल्लास्तरिय-१२३ ७. राष्ट्रियस्तर- १०४ ८. EFLG- ८८ ९. जगेडाकोष- ४६ १०. सडक बोर्ड- ५६ ११. LGCDP- १४, १२. नगरस्तरिय योजना तथा कार्यक्रम- ३९, १३. म्याचिङ्ग कोष- ९, १४, ठूला पूर्वाधार-४, १५. प्रवर्द्धनात्मक- ५५

**निर्णय नं. ८०**

यस न. पा. को व्यक्तिगत घटना दर्ता (पंजीकरण) तथा सामाजिक सुरक्षा बृत्ति प्राप्त गर्ने लाभग्राहीहरुको विवरण व्यवस्थापन गर्न M.I.S. प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८१**

यस नगरमा हुने सम्पूर्ण सडक बत्ती मर्मत कार्य वडास्तरबाट नै मर्मत गर्ने र सो निर्माण तथा मर्मत प्रक्रियामा स्थानीय स्तरमा सक्रिय रहेका टोल विकास संस्थालाई परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८२**

मर्मत सम्भार निर्देशिका बमोजिम मर्मत सम्भार विशेष कोष स्थापना गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८३**

नगरपालिका अनुदान सञ्चालन कार्यविधि बमोजिम गठन भएको सुपरिवेक्षण तथा अनुगमन समितिले तयार गरेको कार्यतालिका पारित गरी सो वमोजिम सञ्चालित आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८४**

नगरपालिकाको आव्हान वमोजिम मुख्य बाटो तथा शाखा बाटोहरुमा हरियाली कायम गर्न नगरवासीहरुबाट स्वफूर्तरुपमा बृक्षारोपण गरी सडकको ५०% भन्दा बढी क्षेत्रमा हरियाली मार्ग बनाउन सहयोग गर्नुहुने नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८५**

नेपाल सरकारले जारी गरेको लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नितीहरुलाई क्रमशः संस्थागत गर्दै जाने निती लिईनेछ । लैंगिक उत्तरदायी वजेट स्थानीयकरण रणनीति २०७२ लाई कार्यान्वयन गरिनेछ । साथै आ. व. २०७३।०७४ भित्र नगरस्तरिय लैंगिक उत्तरदायी वजेट कार्यान्वयन समिति गठन गरिनेछ र आचार संहिता बनाई लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८६**

यस न. पा. मा विगत वर्षबाट बालमैत्री स्थानीय शासन कार्यक्रम लागु हुँदै आएको र यस न. पा. लाई बालमैत्री नगर घोषणा गर्ने प्रकृयामा रहेको र बालसंरक्षण र बाल अधिकारका विषयमा कार्य गर्नको लागि बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यक्रम ( कार्यान्वयन) निर्देशिका २०६३ वमोजिम मिति २०७३।०९।२६ गतेको भेलाबाट तपसिल वमोजिमको **"नगर बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति"** गठन भएकोमा सो को अनुमोदन गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. संयोजक- नगरपालिका प्रतिनिधी
२. सदस्य- श्री कमला ढकाल, शिक्षक प्रतिनिधी
३. ,, श्री शालिकराम पराजुली, वडा नागरिक मंच प्रतिनिधी
४. ,, श्री भुपेन्द्र अधिकारी, नागरिक समाज प्रतिनिधी
५. ,, श्री रघुनाथ भट्ट, बाल अधिकारकर्मी रत्ननगर (उ.वा.संघ) प्रतिनिधी
६. ,, श्री यूनिका ढकाल, अध्यक्ष, बाल संजाल रत्ननगर
७. ,, श्री अविम्का घिमिरे, महिला कार्यकर्ता
८. ,, श्री गोविन्द विश्वकर्मा, दलित प्रतिनिधी
९. ,, श्री मिना गिरी, अध्यक्ष- नगरस्तरिय महिला स्वास्थ्य स्वयंसेविका संजाल, रत्ननगर
१० ,, श्री लिलावती चौधरी, आदिवासी प्रतिनिधि

**निर्णय नं. ८७**

यस न.पा. को २०७२ माघदेखि हालसम्म भएका न. पा. को बोर्ड बैठक र विभिन्न विषयगत समितिका निणर्यहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८८**

न. पा. कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत सम्पत्ति विवरण आ. व. शुरू भएको २ महिनाभित्र पठाउने निर्णय गरियो ।

**निर्णय नं. ८९**

न. पा. मा कार्यरत कर्मचारीहरूको क्षमता विकास तथा शीप एवं दक्षता अभिबृद्धिका लागि आवश्यक तालिमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९०**

नगरपालिकालाई सहयोग गर्ने पत्रकार, कलाकार, संचारकर्मी, साहित्यकार, स्वयंसेविका, करदाता एवं कर्मचारीहरूलाई नगरपरिषद कार्यक्रममा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.९१**

सुशासन प्रवर्द्धनका लागि रत्ननगर न. पा. को संस्थागत आचरण र कर्मचारीको पेशागत आचरण सम्बन्धि व्यवस्था अनुरुप आचारसंहिता जारी गरी लागू गर्ने र साथै न.पा.मा कार्यरत सम्पूर्ण कर्मचारीहरूको कार्य विवरण स्वीकृत गरी गर्ने निर्णय गरियो ।
निर्णय गरियो ।

**निर्णय नं.९२**

न. पा. मा उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने र खराव काम गर्नेलाई दण्ड सजायको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.९३**

यस न. पा. मा कार्यरत कर्मचारीहरूको आन्तरिक बढुवाको लागि उमेर पुगेका कर्मचारीहरूको बढुवा गर्न आवश्यक प्रकृया अघि बढाउन पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.९४**

नगरपालिकाको सार्वजनिक जग्गा संरक्षण लगायत अन्य विभिन्न कार्यालय सम्बन्धि काममा समेत अमिन सेवा अत्यावश्यक भएकाले अमिन पद, सहायकस्तर चौथो तह १(एक) पद सृजना गर्ने र सो पदमा हाल अमिन श्री कृष्ण बहादुर मगरलाई कामकाज लगाउँदै आएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९५**

यस न. पा. का ई.सी. रामकृष्ण घिमिरेको शारिरीक अस्वस्थताका कारण ईलेक्ट्रिसियनको कामकाज गर्न नसक्ने भै हाल राजश्व उपशाखा कामकाज लगाईएको र नगरपालिकामा साविक पिठुवा र बछौली गाविस समेत समायोजन भएको अवस्थामा ईलेक्ट्रिसियनको अभाव महसुस गरिएकाले साविक पिठुवा र बछौली क्षेत्र हेर्ने गरी ईलेक्ट्रिसियन दरवन्दि १(एक) थप गर्ने र सो पदमा श्री दिपेन्द्रजंग थापालाई सहायकस्तर तेश्रो तहमा सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.९६**

यस न. पा. को हाल खरिद तथा जिन्सी व्यवस्थापन उपशाखामा कार्यरत क.स. श्री अमृता चौधरीलाई कम्प्यूटर सहायक (सहायकस्तर चौथो तह) पद १(एक) थप गरी सेवा करारमा कामकाज गराउने निर्णय गरियो ।

**निर्णय नं.९७**

यस रत्ननगर नगरपालिकाको ढल प्रशोधन केन्द्रमा चौकीदार (हेरालु) भै कार्यरत श्री रुद्र प्रसाद आचार्यलाई हाल कार्यालयको आवश्यकता अनुसार योजना शाखामा घर मुल्यांकन, नापजाँप, ढल तथा ढल प्रशोधन केन्द्र मर्मत लगायत अन्य कार्य गरी आएकोले निजलाई योजना शाखा अन्तर्गत कार्यरत भै गर्दै आएको काम सम्पादन गर्ने गरी फिल्ड सुपरभाईजरको दरवन्दि थप गरी करार सेवामा कामकाज गराउने निर्णय गरियो ।

**निर्णय नं.९८**

यस नगरपालिकामा साविक पिठुवा र बछौली गाविस समेत समायोजन भएको अवस्थामा उक्त क्षेत्रको सरसफाई सेवालाई प्रभावकारी बनाउन ४(चार) सरसफाईकर्मी थप गरी दैनिक ज्यालादारीमा कामकाज लगाईएकोमा अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९९**

यस नगरपालिकामा हाल सरसफाईमा दैनिक ज्यालादारीमा कार्यरत श्री राकेश नेपालीलाई सरसफाईको समेत काम गर्ने गरी न. पा. को स्वीकृत कार्यालय सहयोगी (सहायकस्तर प्रथम) पदमा सेवा करारमा कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं.१००**

यस अघि स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ को नियम २२५(ख) १ र २ मा व्यवस्था भए वमोजिम बढुवा भएका सम्पूर्ण कर्मचारीहरुको पद समायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १०१**

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ (आठौं संसोधन २०७३) को नियम २२५(ख) १ र २ मा व्यवस्था भए वमोजिम कार्य सम्पादन मुल्यांकन, शैक्षिक योग्यता -प्रवीणता प्रमाण पत्र उत्तीर्ण र १० वर्ष सेवा अवधि पुरा भएका कर्मचारीहरुको बढुवा प्रकृयाका लागि मिति २०७३।०८।०३ गतेको पदपूर्ति समितिको निर्णय अनुसार सूचना प्रकाशित गरी २०७३।०९।२१ गतेको पदपूर्ति समितिको सिफारिस भै मिति २०७३।०९।२२ गतेको न. पा. बोर्डको निर्णय अनुसार सहायकस्तर चौथो तह (खरिदार) का तपसिल वमोजिमका कर्मचारीहरुलाई सहायकस्तर पाचौं तह (ना.सु.) मा बढुवा गरिएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

| क. सं. | कर्मचारीको नाम, थर |
|---|---|
| १ | श्री शंकर गिरी |
| २ | श्री सुरेन्द्र चौधरी |
| ३ | श्री रुपबहादुर गण्डीत क्षेत्री |
| ४ | श्री वासुदेव रिजाल |
| ५ | श्री शिव प्रसाद लामिछाने |
| ६ | श्री रमेशलाल ताम्राकार |
| ७ | श्री पदम राज सापकोटा |

**निर्णय नं. १०२**

यस न.पा. कार्यालयको स्वीकृत दरबन्दी अन्तर्गत तपसिलका पदहरूमा न.पा.को आवश्यकता अनुसार (तत्कालदेखि कार्यरत) निम्न पदहरूमा सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १) | ईन्जिनियर | १(एक) |
| २) | अमिन | १(एक) |
| ३) | सामुदायिक परिचालक | ३(तीन) |
| ४) | कम्प्यूटर सहायक | २(दुई) |
| ५) | फिल्ड सुपरभाईजर | २(दुई) |
| ६) | विजुली मिस्त्री | २(दुई) |
| ७) | ग्रामीण सहजकर्ता | १(एक) |
| ८) | सवारी चालक(हल्का) | ५(पाँच) |
| ९) | नगर प्रहरी | २(दुई) |
| १०) | ग्रेडर हेल्पर | १(एक) |
| ११) | कार्यालय सहयोगी | ५(पाँच) |
| १२) | जे.सि.भि.अप्रेटर | १(एक) |
| १३) | सरसफाइकर्मी | २(दुई) |
| १४) | फायरमेन | २(दुई) |
| | | ३०(तीस) |

**निर्णय नं १०३**

यस न. पा. कार्यालयमा लामो समयदेखि ज्यालादारी र सेवा करारमा कार्यरत कर्मचारीहरुलाई प्रचलित ऐन कानुनको परिधिभित्र रही स्थायी गर्नको लागि आवश्यक पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं १०४**

यस न. पा. को परिमार्जित संगठन विकास अध्ययन प्रतिवेदन (OD) २०७३ स्वीकृत गरी सो मुताविक देहाय वमोजिम कर्मचारी दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

| श्रेणी | सि.नं. | पद | प्र./प्रा | स्वीकृत दरवन्दि | स्थायी पूर्ति | करार/ सेवा करार | दैनिक ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| अधिकृतस्तर सातौं | १ | कार्यकारी अधिकृत (उप सचिव) | प्र | १ | १ | ० | ० | ० | |
| अधिकृतस्तर छैंटौं | २ | प्रशासकिय अधिकृत | प्र | १ | ० | ० | ० | १ | |
| | ३ | लेखा अधिकृत | ले/प्र. | १ | १ | ० | ० | ० | |
| | ४ | ईन्जिनियर (सिभिल) | प्रा | ३ | १ | ० | ० | २ | |
| | ५ | ईन्जिनियर (वातावरण) | प्रा | १ | ० | ० | ० | १ | |
| | ६ | ईन्जिनियर (स्टक्चरल) | प्रा | २ | ० | १ | ० | १ | |
| | ७ | सामाजिक विकास अधिकृत | प्रा. | १ | ० | ० | ० | १ | |
| | ८ | आलेप अधिकृत | ले/प्र. | १ | ० | ० | ० | १ | |
| | ९ | कम्प्यूटर अधिकृत | प्रा. | १ | ० | ० | ० | १ | |
| | १० | राजश्व अधिकृत | प्र. | १ | ० | ० | ० | १ | |
| | ११ | ईन्जिनियर (आर्किटेक) | प्रा. | १ | ० | ० | ० | १ | |
| सहायकस्तर पाचौं | १२ | नायव सुव्वा | प्र. | १३ | १२ | ० | ० | १ | पंजिकाधिकारी समेत |
| | १३ | लेखापाल | ले/प्र. | १ | ० | ० | ० | १ | |
| | १४ | आन्तरिक लेखापरिक्षक | प्रा | १ | १ | ० | ० | ० | |
| | १५ | सव ईन्जिनियर | प्र. | ४ | २ | ० | ० | २ | |
| | १६ | कम्प्यूटर अप्रेटर | प्रा. | १ | १ | ० | ० | ० | |
| | १७ | सर्भेक्षक | प्रा. | १ | ० | ० | ० | १ | |
| सहायकस्तर चौथो | १८ | खरिदार | प्र. | ६ | ५ | ० | ० | १ | |
| | १९ | कम्प्यूटर सहायक | प्रा. | २ | ० | २ | ० | ० | |
| | २० | सह लेखापाल | ले/प्र. | १ | ० | ० | ० | १ | |
| | २१ | समुदाय परिचालक | प्र. | ३ | ० | ३ | ० | ० | |
| | २२ | फिल्ड सुपरभाईजर | प्रा. | २ | ० | २ | ० | ० | |
| | २३ | अमिन | प्रा. | १ | ० | १ | ० | ० | |
| सहायकस्तर तेश्रो | २४ | विजुली मिस्त्री | प्रा. | ४ | २ | २ | ० | ० | |
| | २५ | ग्रामिण सहजकर्ता | प्र. | १ | ० | १ | ० | ० | |
| श्रेणी विहीन | २६ | सवारी चालक | प्रा | ८ | २ | ६ | ० | ० | |
| | २७ | नगर प्रहरी असई | प्र. | १ | ० | ० | ० | १ | |
| | २८ | नगर प्रहरी हवल्दार | प्र. | १ | ० | ० | ० | १ | |
| | २९ | नगर प्रहरी सिपाही | प्र. | ५ | ३ | २ | ० | ० | |
| | ३० | कार्यालय सहयोगी | प्र. | ११ | ५ | ५ | १ | ० | |
| | ३१ | ग्रेडर हेल्पर | प्र. | १ | ० | १ | ० | ० | |
| | ३२ | फायरमेन | प्र. | २ | ० | २ | ० | ० | |
| | ३३ | सरसफाईकर्मी | प्र. | २० | ७ | २ | ११ | ० | |
| | | **जम्मा दरवन्दि** | | १०४ | ४३ | ३० | १२ | १९ | |
| | | | **जम्मा कार्यरत** | | | ८५ | | | |

निजामतितर्फ

कार्यकारी अधिकृत(उप सचिव) १

ना.सु.(पंजिकाधिकारी)१ (पदस्थापन)

**निर्णय नं १०५**

यस न. पा. को तपसिल वमोजिम संगठन ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

